गोरखापत्र
ज्ञान सागर
www.gorkhapatraonline.com
२०७८ साल कात्तिक १७ गते बुधबार
2021 November 3 Wednesday


## वस्तुगत प्रश्नोत्तर

१. **विद्यालयको पढाइपछि विद्यार्थीलाई दिइने अत्यधिक गृहकार्यको चापलाई घटाउने उद्देश्यले हालै शिक्षासम्बन्धी कानुन पारित गर्ने देश कुन हो ?**
✍ चीन
- शिक्षासम्बन्धी सो नयाँ विधेयक राष्ट्रिय जनकङ्ग्रेसको स्थायी समिति र मुलुकको स्थायी विधान सभाबाट पारित (सन् २०२१ अक्टोबर २३ मा) गरिएको ।
- सरकारी निकायद्वारा अभिभावकलाई आफ्ना बालबालिकाका लागि आराम र व्यायाम गर्न यथेष्ट समय रहे, नरहेको सुनिश्चित गर्न र तिनीहरूलाई अनलाइन अध्ययनमा धेरै समय बिताउन नदिन निर्देशन पनि दिइएको ।
- सन् २०२१ अगस्टमा चीनले छ र सात वर्ष उमेरका बालबालिकाको लिखित परीक्षामाथि प्रतिबन्ध लगाएको । गत वर्ष चीन सरकारले बालबालिकाको इन्टरनेट र अन्य लोकप्रिय संस्कृतिप्रतिको लत नियन्त्रणका लागि थुप्रै उपाय अपनाएको ।
- यस कानुनले अभिभावकलाई आफ्ना सन्तानको नैतिकता, बौद्धिक विकास र सामाजिक बानीबेहोरासहित हुर्काउन प्रोत्साहित गर्ने विश्वाससमेत गरिएको ।
- स्थानीय सरकारलाई कानुन कार्यान्वयनको जिम्मेवारी दिइने बताइएको ।

२. **सबैभन्दा छिटो सगरमाथाको आरोहण गरी कीर्तिमान कायम गर्ने महिला आरोही को हुन् ?**



✍ साङ यी हङ (हङकङ), सन् २०२१ मे २३
- उनले २५ घण्टा ५० मिनेटमा सो आरोहण पूरा गरेकी ।
- यसअघि यो कीर्तिमान फुन्जो भ्याङ्जु लामा (३९ घण्टा ६ मिनेट)को नाममा रहेको । उनले सन् २०१९ मे १५ मा सो आरोहण गरेकी ।

३. **पशु सुत्केरी भत्ता उपलब्ध गराउने स्थानीय निकाय कुन हो ?**
✍ जलजला गााउँपलिका (पर्वत)
- व्यावसायिक कृषि प्रवर्द्धनका लागि कृत्रिम गर्भाधान गराएर पाडाबाच्छा हुकाउने किसानलाई पशु सुत्केरी भत्ता दिन थालिएको । जन्मनासाथ पाडापाडी बध गर्ने प्रचलनको अन्त्य गर्दै पाडाबाच्छा हुर्काउन प्रोत्साहन दिन, साथै नश्लसुधार गरी दूध उत्पादन बढाएर कृषकलाई व्यावसायिक बनाउनका लागि यो कार्यक्रम प्रभावकारी हुने बताइएको ।
- कृत्रिम गर्भाधान गरेका गाईभैँसी व्याएपछि तिनीहरूका पाडाबाच्छा हुर्काएमा गाउँपालिकाले एउटा पशुलाई दुई हजार पाँच सय रुपियाँ भत्ता दिने गरेको । पालिकाले विगत तीन वर्ष (२०७६) देखि यो कार्यक्रम लागू गरेको ।

४. **एसियाली पूर्वाधार लगानी बैङ्क (एआईआईबी)को उद्घाटन कहिले भयो ?**
✍ सन् २०१६ जनवरी १६
- (विश्व बैङ्क र एसियाली विकास बैङ्कको प्रतिस्पर्धीका रूपमा हेरिएको एआईआईबी चीनको अग्रसरतामा स्थापना भएको नयाँ अन्तर्राष्ट्रिय विकास साझेदार संस्था हो । यो बैङ्क एक खर्ब अमेरिकी डलर पुँजीमा स्थापना गरिएको छ । एसिया र युरोप हुँदै दीर्घकालमा अफ्रिकासम्म जोड्ने लक्ष्यका साथ चिनियाँ राष्ट्रपति सी चिनफिङद्वारा अघि सारिएको सिल्करोड परियोजनामा लगानी जुटाउन चीनले यो बैङ्कको स्थापना गरेको विश्लेषण पश्चिमा अर्थशास्त्रीहरूले गरिरहेका छन् ।)

५. **संयुक्त राष्ट्रसङ्घ (यूएनओ)को प्रमुख प्रशासनिक अङ्ग कुन हो ?**
✍ सचिवालय

६. **उत्तर एट्लान्टिक सन्धि सङ्गठन (नेटो)को स्थापना कहिले भएको हो ?**
✍ सन् १९४९ अप्रिल ४
- यस संस्थामा हाल ३० सदस्य राष्ट्र रहेका ।
- पछिल्लो सदस्य राष्ट्र (३०औँ) उत्तरी म्यासेडोनिया रहेको ।
- स्थापनाकालमा यसका सदस्य राष्ट्रहरूको सङ्ख्या १२ रहेको ।
- नेटोको प्रधान कार्यालय बेल्जियमको ब्रसेल्समा रहेको ।
- यसको प्रथम शिखर सम्मेलन सन् १९५७ मा सिङ्गापुरमा भएको ।

७. **अन्तर्राष्ट्रिय श्रम सङ्गठन (इन्टरनेसनल लेबर अर्गनाइजेसन-आईएलओ)ले नोबेल शान्ति पुरस्कार कहिले प्राप्त गरेको थियो ?**
✍ सन् १९६९

८. **सरकारी रूपमा वा सङ्घ-संस्थाद्वारा निकालिने सङ्क्षिप्त समाचारपत्रलाई के भनिन्छ ?**
✍ बुलेटिन

९. **नन्दभाउजू ताल चितवन जिल्लामा पर्छ भने घोडाघोडी ताल कहाँ पर्छ ?**
✍ कैलाली

१०. **गुरुत्वाकर्षणसम्बन्धी विश्वव्यापी नियमका प्रणेता को हुन् ?**
✍ सर आइज्याक न्युटन

११. **फोर्ब्स पत्रिकाले सार्वजनिक गरेको विश्वका धनाढ्यहरूको सूची २०२१ अनुसार पहिलो स्थानमा रहन सफल धनाढ्य को हुन् ?**
✍ जेफ बेजोस (अमेरिका)

| नं. | व्यक्ति | सम्पत्ति (अ.ड.) | देश |
|---|---|---|---|
| १. | जेफ बेजोस (अमेजन, सूचना प्रविधि) | १७७ विलियन | अमेरिका |
| २. | एलन मस्क (टेस्ला, स्पेस एक्स) | १५१ विलियन | अमेरिका |
| ३. | वर्नाड आर्नोल्ट एन्ड फेमिली (एलभीएमएच-फेसन रिटेल) | १५० विलियन | फ्रान्स |
| ४. | विल गेट्स (माइक्रोसफ्ट) | १२४ विलियन | अमेरिका |
| ५. | मार्क जुकरवर्ग (फेसबुक) | ९७ विलियन | अमेरिका |

- सो सूचीअनुसार सर्वाधिक धनाढ्य पाँच व्यक्ति
- सो सूचीअनुसार सबैभन्दा कान्छो धनाढ्य केन डेभिड लेहमान (जर्मनी : ९२५औँ स्थान) रहेका ।
- सबैभन्दा धनी महिला- फ्रान्कोइस वेटेनकोट मेयर्स एन्ड फेमिली (फ्रान्स, १२औँ धनी) ।
- सबैभन्दा ज्येष्ठ धनी ९९ वर्षीय जर्ज जोसेफ (अमेरिका, १५८०औँ स्थान) रहेका ।
- सो सूचीमा नेपालका विनोद चौधरी (२१४१औँ स्थान) रहेका ।

१२. **महाभारत पर्वतको सबैभन्दा अग्लो टाकुरा कुन हो ?**
✍ शैलुङ (दोलखा)

१३. **नेपालको तराई, भावर, दुन, भित्री मधेस, टार आदिमा कुन प्रकारको हावापानी पाइन्छ ?**
✍ उष्ण मनसुनी हावापानी

१४. **नेपालको उत्तर-दक्षिण अधिकतम चौडाइ २४१ किलोमिटर रहेको छ भने न्यूनतम चौडाइ कति छ ?**
✍ १४५ कि.मि.
- (उत्तर-दक्षिण औसत चौडाइ १९३ कि.मि.)

१५. **द्वितीय चरणको रुसी क्रान्तिलाई अर्को के नामले चिनिन्छ ?**
✍ बोल्सेभिक क्रान्ति/अक्टोबर क्रान्ति

१६. **शाक्य वंशको कन्यालाई कुमारी बनाई पूजा गर्ने चलन चलाउने राजा को हुन् ?**
✍ गुणकामदेव

१७. **शाहवंशीय इतिहासमा सबैभन्दा लामो समय शासन गर्ने राजा को हुन् ?**
✍ राजा त्रिभुवन

१८. **कुन सभ्यतालाई वैदिक सभ्यता भनेर चिनिन्छ ?**
✍ आर्य सभ्यता

१९. **संसारमा सबैभन्दा बढी विस्तार भएको भाषा परिवार कुन हो ?**
✍ भारोपेली

२०. **नेपालको पूर्वी भेगको सभ्यताको थालनी भएको जनकपुरलाई प्राचीन कालमा के भनी चिनिन्थ्यो ?**
✍ विदेह

२१. **नेपालमा उपलब्ध माटोलाई कति भागमा विभाजन गरिएको छ ?**
✍ पाँच
- (पाँगो माटो, बलौटे-पत्थरिलो माटो, रातो-फुस्रो माटो, तलैया माटो र हिमाली माटो)

२२. **नेपालको संविधान (२०७२) अनुसार सङ्घ र प्रदेशबीच तथा प्रदेश-प्रदेशबीच उत्पन्न राजनीतिक विवाद समाधान गर्न गठित अन्तरप्रदेश परिषद्को अध्यक्ष को हुने व्यवस्था छ ?**
✍ प्रधानमन्त्री
- (अध्यक्षसहित चार सदस्यीय अन्तरप्रदेश परिषद्का अन्य सदस्यमा नेपाल सरकारका गृहमन्त्री, अर्थमन्त्री र सम्बन्धित प्रदेशका मुख्यमन्त्री रहने व्यवस्था छ ।)

२३. प्रशान्त महासागर त्रिभुज आकारको छ भने आन्ध्र महासागर कुन आकारको छ ?
✍ अङ्ग्रेजी वर्णमालको 'एस'

२४. **तीन आयाम भन्नाले केलाई बुझिन्छ ?**
✍ लम्बाइ, चौडाइ र उचाइ

२५. **मोडदार पहाडको माथि उठेको भागलाई प्रतिनति भनिन्छ भने तल भासिएको भागलाई के भनिन्छ ?**
✍ सन्नति

२६. **हालै उड्ने बाइक निर्माण गर्ने राष्ट्र कुन हो ?**
✍ जापान
- जापानस्थित अलि टेक्नोलोजिजले सो बाइक निर्माण गरी सन् २०२१ अक्टोबर २७ देखि बजारमा ल्याएको ।
- छ लाख २८ हजार डलर पर्ने सो होभरबाइक एक सय प्रतिघण्टाको वेगमा ४० मिनेटसम्म उड्न सक्ने ।
- परम्परागत इन्जिन जडित यस बाइकमा ब्याट्रीबाट चल्ने चारवटा मोटर राखिएको ।

२७. **विश्व खाद्य दिवस कहिले मनाइन्छ ?**
✍ अक्टोबर १६
- संयुक्त राष्ट्रसङ्घको विश्व खाद्य तथा कृषि सङ्गठनको पहलमा बर्सेनि अक्टोबर १६ का दिन विश्वव्यापी रूपमा यो दिवस मनाउने गरिएको ।
- यस वर्ष (सन् २०२१)मा मनाइएको विश्व खाद्य दिवसको विश्वव्यापी नारा 'आवर एक्सन्स् आर फ्युचर । बेटर प्रोडक्सन, बेटर न्युट्रिसन, अ बेटर इन्भाइरनमेन्ट एन्ड अ बेटर लाइफ' रहेको ।
- त्यस्तै 'हाम्रो पहल : उत्पादन र पोषणमा वृद्धि : पर्यावरण संरक्षण र जनजीविकामा समृद्धि' राष्ट्रिय नारा तय गरिएको ।

२८. **हाल विश्वकै होचो (जीवित) व्यक्ति को हुन् ?**
✍ एडवार्ड निनो हेर्नन्डेज (कोलम्बिया)




- हाल गिनिज बुकमा रेकर्ड भएका जीवित विश्वका होचा व्यक्ति हेर्नन्डेज रहेका ।
- उनको उचाइ ७२.१ सेन्टिमिटर रहेको ।
- हालै सिन्धुली जिल्लाका १७ वर्षीय डोरबहादुर खपाङ्गी विश्वकै सबैभन्दा होचो व्यक्ति भएको दाबी गरिएको ।
- उनको उचाइ ७१ सेन्टिमिटर र तौल १३ केजी रहेको ।
- यसअघि विश्वको होचो व्यक्तिका रूपमा दाङका चन्द्रबहादुर डाँगी र सोभन्दा पहिलो पोखराका खगेन्द्र थापामगरले गिनिज बुकमा रेकर्ड राखिसकेका ।

२९. **निरन्तर विद्यार्थी मूल्याङ्कन कस्तो प्रकारको मूल्याङ्कन हो ?**
✍ निर्माणात्मक मूल्याङ्कन

**प्रस्तुतकर्ता : टङ्क के.सी**

## विषयगत प्रश्नोत्तर

# निजामती सेवामा पदपूर्ति प्रक्रिया




१. **मूल्य अभिवृद्धि करको छोटो परिचय दिनुहोस् ।**
✍ वस्तु तथा सेवाको खरिद मूल्य र बिक्री मूल्यबीचको अन्तरमा लाग्ने कर मूल्य अभिवृद्धि कर हो । यो वस्तु तथा सेवाको मूल्यमा वृद्धि हुँदा बढेको मूल्यमा लाग्ने कर हो । यो बिक्री करको सुधारिएको रूप हो । नेपालमा यस करलाई राजस्वको प्रमुख आधारका रूपमा लिइएको छ । नेपालमा यो कर वि.सं. २०५४ मङ्सिर १ गतेदेखि लागू भएको हो । मूल्य अभिवृद्धि कर लागू भएको दिन मङ्सिर १ लाई वि.सं. २०६९ सालदेखि 'राष्ट्रिय कर दिवस'का रूपमा मनाउँदै आइएको छ । हाल मूल्य अभिवृद्धि करको दर १३ प्रतिशत छ । नेपालमा यस करलाई व्यवस्थित गर्न मूल्य अभिवृद्धि कर ऐन, २०५२ र मूल्य अभिवृद्धि कर नियमावली, २०५३ लागू गरिएको छ । मूल्य अभिवृद्धि कर स्वयं कर निर्धारण प्रणालीमा आधारित छ । जसअनुसार करदाताले आफ्नो कारोबारको आफैँ अभिलेख राख्ने, आफैँ कर निर्धारण गर्ने, आफैँ कर जम्मा गर्ने, कर विवरण कर कार्यालयमा आफैँ दाखिला गर्नेजस्ता कार्य गर्दछन् । यसले करदातालाई आर्थिक प्रजातन्त्रको प्रत्याभूति दिएको छ । यो यसको प्रमुख विशेषता हो । यो लेखामा आधारित आधुनिक कर हो ।

२. **लागूपदार्थको कुलतमा लाग्नुका कारणहरू के के हुन् ? लेख्नुहोस् ।**
✍ मानिसको स्नायु र मस्तिष्कलाई प्रत्यक्ष प्रभाव पारी शरीरका अङ्गहरूलाई शिथिल एवं उत्तेजित बनाउने वस्तु लागूपदार्थ हुन् । गाँजा, भाङ, चरेस, हिरोइन, कोकिन, स्म्याक आदि लागूपदार्थ हुन् । लागूपदार्थको कुलतमा लाग्नुका मुख्य कारण मूलतः व्यक्तिको स्वभाव, सङ्गत, पारिवारिक अवस्था, आर्थिक स्वतन्त्रता, सामाजिक अवस्था, शिक्षा, चेतना आदि हुन् । समग्रमा कुनै पनि व्यक्ति लागूपदार्थको कुलतमा निम्न कारणले लाग्ने गरेको पाइन्छ :
- अनावश्यक चिन्ताबाट मुक्ति पाउन,
- दुर्व्यसनी साथीको सङ्गत,
- कार्यमा असफलता, घरबाट हेला, निराश,
- बेरोजगारी,
- पश्चिमी शैलीको नक्कल,
- लागूपदार्थ तस्करको प्रलोभन ।

३. **सामाजिक न्यायको अवधारणा स्पष्ट गर्नुहोस् ।**
✍ देशका सबै नागरिक सम्पन्न हुँदैनन् । सबै नागरिकको एउटै हैसियत र अवस्था पनि हुँदैन । मुलुकका सबै नागरिकको संरक्षक राज्य भएकाले राज्यले विपन्न वर्ग एवं समुदायलाई सेवासुविधा तथा स्रोत-साधनको न्यायोचित वितरण गर्नुपर्दछ, यो नै सामाजिक न्याय हो । यो सबै प्रकारका विभेदको अन्त्य हो । यो आर्थिक एवं सामाजिक असमानता हटाउने, राज्य प्रणालीमा सबै नागरिकको समान सहभागिता एवं पहुँच बढाउने कार्य हो । यसमा अवसर र लाभको समान वितरण हुन्छ । यो समानताको सिद्धान्तमा आधारित अवधारणा हो । यो लोककल्याणकारी राज्यको अवधारणासँगै विकसित अवधारणा हो । यो मानव अधिकारको विश्वव्यापी घोषणा, सन् १९४८ सँग सम्बन्धित विषय पनि हो ।

४. **विवेकपूर्ण निर्णय गर्दा ध्यान पुऱ्याउनुपर्ने विषयहरू उल्लेख गर्नुहोस् ।**
✍ विवेकपूर्ण निर्णयले पर्याप्त सूचनाको सङ्कलन र विश्लेषण, विकल्पहरूको विकास, विकल्पहरूले पार्ने प्रभाव एवं परिणाम, निर्णय कार्यान्वयन गर्ने संयन्त्रलगायतका पक्षहरूको व्यापक अध्ययन विश्लेषणको वकालत गर्दछ । त्यसकारण विवेकपूर्ण निर्णय गर्दा यी र यस्तै विषयमा ध्यान दिनुपर्दछ, जसलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :
- ऐन, नियम, कानुनको पूर्ण पालना,
- पारदर्शी निर्णय प्रक्रियाको अवलम्बन,
- व्यवस्थापन सूचना प्रणालीको पूर्ण प्रयोग,
- समयमै निर्णय,
- जोखिम नलिने प्रवृत्तिमा व्यापक सुधार,
- सूचनामा आधारित निर्णय प्रक्रियाको अवलम्बन,
- आधुनिक सूचना प्रविधिको पूर्ण प्रयोग,
- वस्तुस्थितिको यथार्थ विश्लेषण,
- आग्रह पूर्वाग्रहबाट मुक्त,
- परिणाम र प्रभावको आकलन,
- समस्या एवं चुनौतीको सम्बोधन ।

५. **नेपालको संविधानमा स्वतन्त्रताको हकअन्तर्गत रहेका हकहरू के के हुन् ? उल्लेख गर्नुहोस् ।**
✍ नेपालको संविधानको धारा १७ मा स्वतन्त्रताको हकअन्तर्गत रहेका हकहरू निम्न छन् :
- विचार र अभिव्यक्तिको स्वतन्त्रता,
- बिनाहातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता,
- राजनीतिक दल खोल्ने स्वतन्त्रता,
- सङ्घसंस्था खोल्ने स्वतन्त्रता,
- नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता,
- नेपालको कुनै पनि भागमा पेसा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता ।

६. **नेपाली सेनासँग सम्बन्धित आर्टिलरी फौज, एयर डिफेन्स आर्टिलरी फौज, सिग्नल फौज, सपोर्टिङ फौज र कम्ब्याट आर्म्स फौजको अर्थ खुलाउनुहोस् ।**
✍ **क. आर्टिलरी फौज**
- युद्धको समयमा आधारभूत लडाकु फौजलाई फायर सपोर्ट दिएर सहयोग पुऱ्याउने विभिन्न ठूला हातहतियार तथा तोपहरूबाट सुसज्जित फौज,
- **ख. एयर डिफेन्स आर्टिलरी फौज**
- युद्धको समयमा आधारभूत लडाकु फौजलाई शत्रु वा विपक्षीको विविध हतियार तथा साधनहरूको प्रयोगबाट हुने हवाई हमलालाई निष्क्रिय वा न्यून पार्न प्रत्यक्ष प्रतिरक्षात्मक कारबाही गर्ने फौज,
- **ग. सिग्नल फौज**
- युद्धको समयमा आधारभूत लडाकु फौजलाई आवश्यकताअनुसार सञ्चार सुविधा उपलब्ध गराएर सहयोग पुऱ्याउने स्रोतसाधनयुक्त फौज,
- **घ. सपोर्टिङ फौज**
- आधारभूत लडाकु फौजलाई युद्धमा सहयोग पुऱ्याउने फौज, यसमा आर्टिलरी, एयर डिफेन्स आर्टिलरी, आर्मी एभिएसन, इन्जिनियर्स तथा सिग्नल फौज पनि पर्दछन् ।
- **ङ. कम्ब्याट आर्म्स फौज**
- युद्धमा प्रत्यक्ष संलग्न हुने गुत्थमगुत्थाको लडाइँमा सहभागी हुने आधारभूत लडाकु फौज, यसमा इन्फ्यान्ट्री, मेकनाइज्ड इन्फ्यान्ट्री तथा स्पेसल फोर्स पनि पर्दछन् ।

७. **विद्यालय व्यवस्थापनमा प्रधानाध्यापकको भूमिका केके हुने गर्दछ ? चर्चा गर्नुहोस् ।**
✍ विद्यालयमा प्रधानाध्यापक प्राज्ञिक तथा प्रशासकीय प्रमुख हो । विद्यालयमा विद्यार्थी भर्नादेखि शैक्षिक वातावरण, गुणस्तर, अनुशासन, समन्वय, अभिलेखलगायत विद्यालयको समग्र व्यवस्थापन गर्ने कार्य प्रधानाध्यापकको हो । विद्यालयमा प्रधानाध्यापक विद्यार्थीका अभिभावकको पनि अभिभावक हो । त्यसैले विद्यालय व्यवस्थापनमा प्रधानाध्यापकको भूमिका बहुआयामिक हुन्छ, जसलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :
- विद्यालयमा शैक्षिक वातावरण, गुणस्तर, अनुशासन कायम राख्ने,
- विद्यालयका शिक्षक तथा कर्मचारीसँग समन्वय गरी शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकबीच पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने,
- विद्यालयमा अनुशासन, सच्चरित्रता, शिष्टता कायम गर्ने,
- शिक्षकसँग परामर्श गरी विद्यालयमा कक्षा सञ्चालनसम्बन्धी कार्यक्रम तयार गर्ने र त्यस्तो कार्यक्रमबमोजिम कक्षा सञ्चालन भए, नभएको निरीक्षण गर्ने,
- विद्यालयमा सरसफाइ, अतिरिक्त क्रियाकलाप आदिको प्रबन्ध गर्ने गराउने,
- विद्यालयको प्रशासनिक कार्यको सञ्चालन तथा नियन्त्रण गर्ने,
- विद्यालयमा विद्यार्थी भर्ना गर्ने तथा परीक्षा सञ्चालन गराउने,
- विद्यार्थीलाई स्थानान्तरण तथा अन्य प्रमाणपत्र दिने,
- विद्यालयमा भए गरेका महत्त्वपूर्ण कामकारबाहीको अभिलेख राख्ने,
- शिक्षकलाई पुरस्कार र सजाय दिने सम्बन्धमा सिफारिस गर्ने,
- महिनामा कम्तीमा एक पटक शिक्षकको बैठक बोलाई विद्यालयसम्बन्धी विषयमा छलफल गरी त्यसको अभिलेख राख्ने,
- विद्यालय भवन तथा छात्रावासको हाताभित्र कुनै किसिमको अभद्र व्यवहार हुन नदिने,
- विद्यालयको वार्षिक योजना बनाई व्यवस्थापन समितिबाट पारित गरी कार्यान्वयन गर्ने गराउने,
- विद्यालयमा अध्ययन, अध्यापनसम्बन्धी मासिक, अर्धवार्षिक तथा वार्षिक कार्यक्रम बनाई कार्यान्वयन गर्ने गराउने,
- कुनै विद्यार्थीले विद्यालयभित्र अनुशासन भङ्ग गरेमा निजलाई निष्कासन गर्ने,
- विद्यालयमा नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने,
- विद्यालयमा सञ्चालन हुने आवधिक परीक्षा नियमित तथा मर्यादित ढङ्गबाट सञ्चालन गर्ने गराउने,
- कुनै शिक्षकले अध्यापन गरेको विषयमा लगातार तीन वर्षसम्म १५ प्रतिशतभन्दा बढी विद्यार्थी असफल भएमा तथा कुनै शिक्षकले लापरबाही र अनुशासनहीन काम गरेमा त्यस्तो शिक्षकको दुई वर्षसम्म तलब वृद्धि रोक्का गर्ने ।

८. **सरकारी पत्रका महत्त्वपूर्ण पक्षहरू उल्लेख गर्नुहोस् ।**
✍ **क. सार्वजनिक सूचना**
- सरकारी पत्रमा सार्वजनिक सूचना आदान प्रदान हुन्छन् ।
- **ख. कार्यालयको नाम, ठेगाना :**
- यो पत्र सरकारी निकायबाट लेखिएकाले यसमा सम्बन्धित कार्यालयको नाम, ठेगाना, सम्पर्क नम्बर उल्लेख हुन्छ ।
- **ग. औपचारिकता**
- सरकारी पत्रमा औपचारिक मर्यादाको सम्बन्ध हुन्छ र पत्रमा पनि त्यही अनुसारको मर्यादा प्रस्तुत हुन्छ । यसमा विनम्रता वा आदेश, पदीय मर्यादा आवश्यक पर्दछ । यो पत्रमा औपचारिकता बढी हुन्छ ।
- **घ. चलानी नम्बर**
- सरकारी पत्रमा चलानी नम्बर, पत्र सङ्ख्या, बोधार्थ, कार्यार्थजस्ता पक्ष अनिवार्य हुन्छन् ।
- **ङ. सरल र स्पष्ट भाषा**
- सरकारी पत्रमा भाषागत शुद्धता, सरलता, एकरूपता हुनुपर्छ ।
- **च. कार्यालयको लेटरप्याड, छाप र प्रमुखको हस्ताक्षर**
- सरकारी पत्र जुनसुकै प्रकारको कागजमा लेख्न सकिँदैन । यो कार्यालयको तोकिएको लेटरप्याडमा लेखिन्छ । यस्तो पत्रमा कार्यालय प्रमुखको हस्ताक्षर र कार्यालयको छाप अनिवार्य हुन्छ ।

९. **नेपाल प्रहरीको राजपत्राङ्कित श्रेणीमा रहने पदहरू के के हुन् ? लेख्नुहोस् ।**
✍ नेपाल प्रहरीको राजपत्राङ्कित श्रेणीमा रहने पद निम्न छन् :
- **(क) विशिष्ट श्रेणी**
  - प्रहरी महानिरीक्षक
  - प्रहरी अतिरिक्त महानिरीक्षक
- **(ख) प्रथम श्रेणी**
  - प्रहरी नायब महानिरीक्षक
  - प्रहरी वरिष्ठ उपरीक्षक
- **(ग) द्वितीय श्रेणी**
  - प्रहरी उपरीक्षक
  - प्रहरी नायब उपरीक्षक
- **(घ) तृतीय श्रेणी**
  - प्रहरी निरीक्षक

१०. **नेपालको निजामती सेवामा पदपूर्ति प्रक्रियाका चरणहरू उल्लेख गर्नुहोस् ।**
✍ निजामती सेवामा रिक्त पदमा नयाँ कर्मचारी भर्ना गरेर कर्मचारी आपूर्ति गर्ने कार्य पदपूर्ति हो । पदपूर्ति निरन्तर चल्ने प्रक्रिया हो । नेपालको निजामती सेवामा पदपूर्ति प्रक्रियामा विभिन्न चरण प्रचलित छन, जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :
- वार्षिक कार्यतालिका प्रकाशन,
- माग सङ्कलन र प्रतिशत निर्धारण,
- विज्ञापन प्रकाशन,
- दरखास्त सङ्कलन, दरखास्त रुजु र स्वीकृति,
- शैक्षिक योग्यता एवं पाठ्यक्रम निर्माण, परिमार्जन तथा संशोधन,
- प्रश्नपत्र निर्माण एवं परिमार्जन, प्रश्नपत्र छनोट,
- लिखित परीक्षा सञ्चालन,
- उत्तरपुस्तिकामा दोहोरो कोडिङ,
- उत्तरपुस्तिका परीक्षण,
- लिखित परीक्षा नतिजा,
- तोकिएको पदमा प्रयोगात्मक परीक्षा, सीप परीक्षण, सामूहिक छलफल,
- अन्तर्वार्ता,
- अन्तिम योग्यताक्रमको नतिजा प्रकाशन,
- नियुक्तिका लागि सिफारिस ।

११. **नेतृत्वले गर्ने कार्यहरू के के हुन् ? लेख्नुहोस् ।**
✍ जुनसुकै परिस्थितिमा पनि अनुयायी तथा सरोकारवालाहरूको प्रवृत्ति र बानीव्यहोरालाई एउटा आकारमा ल्याई सामूहिक लक्ष्य प्राप्तिमा क्रियाशील गराउने क्षमता नेतृत्व हो । नेतृत्वले अरूलाई प्रभाव पार्ने, काम गराउने तथा आफैँले पनि काम गर्नुपर्ने भएकाले नेतृत्व परिश्रमी, प्रशिक्षित, प्रजातान्त्रिक, उत्प्रेरित एवं वस्तुवादी हुनुपर्दछ । नेतृत्वले धेरै कार्य गर्नुपर्दछ, जुन निम्न छन् :
- सङ्गठनको उद्देश्य एवं लक्ष्य निर्धारण गर्ने,
- नीति निर्माण गर्ने,
- निर्णय गर्ने,
- व्यवस्थापकीय कार्यहरू गर्ने,
- समय व्यवस्थापनको कार्य गर्ने,
- निर्देशन दिने,
- समन्वय गर्ने, सञ्चार गर्ने,
- उत्प्रेरणा जगाउने कार्य गर्ने,
- स्रोतको पहिचान तथा परिचालनको कार्य गर्ने,
- शक्ति एवं अधिकारको प्रयोग गर्ने,
- जिम्मेवारी पूरा गर्ने, कर्तव्य पालना गर्ने,
- अनुयायी तथा संस्थाको प्रतिनिधित्व गर्ने,
- अनुगमन गर्ने, मूल्याङ्कन गर्ने,
- पृष्ठपोषण लिने दिने ।

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**

QUESTION BANK NEPAL